नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड२८] काठमाडौं,साउन २३ गते २०३५ साल [अतिरिक्ताङ्क२८+(क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३५ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गाउँ पञ्चायत ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : गाउँ पञ्चायत ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गाउँ पञ्चायत (सातौं संशोधन) ऐन, २०३५" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ को दफा २ मा संशोधन : गाउँ पञ्चायत ऐन, २०१८ (यसपछि "मूल ऐन "भनिएको) को दफा २ को खण्ड (ग) मा रहेको "उप-दफा (३)" भन्ने शब्दहरूको सट्टा "उप-दफा (४)" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उप-दफा (४) को अन्तिम वाक्यमा रहेको "निर्वाचित" भन्ने शब्दपछि "वा सो दफाको उप-दफा (६क) बमोजिम सहवरण" भन्ने शब्दहरू थपिएका छन् ।

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) प्रधानपञ्च वा उप-प्रधानपञ्च भएमा,"

५. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,–

(१) उप-दफा (४) को शुरूमा रहेको "प्रत्येक गाउँ पञ्चायतमा" भन्ने शब्दहरूपछि "प्रधानपञ्च र उप-प्रधानपञ्चको अतिरिक्त" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-दफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) प्रचलित कानूनद्वारा व्यवस्था गरिएका अन्य सदस्यहरू ।"

(३) उप-दफा (५) झिकिएको छ ।

(४) उप-दफा (६) को सट्टा देहायको उप-दफा (६) राखिएको छ :–

"(६) उप-दफा (४) को खण्ड (क) बमोजिमका गाउँ पञ्चायतको सदस्यहरू-मध्येबाट प्रधानपञ्च र उप-प्रधानपञ्च गाउँसभाद्वारा कानूनमा व्यवस्था भएबमोजिम निर्वाचित हुनेछन् ।"

(५) उप-दफा (६) पछि देहायको उप-दफा (६क) थपिएको छः–

"(६क) गाउँ पञ्चायतको कुनै सदस्य गाउँ पञ्चायतको प्रधानपञ्च वा उप-प्रधानपञ्चमा निर्वाचित वा सहबृत्त भएमा निजको सो सदस्य पद रिक्त हुनेछ र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भएबमोजिम सहवरणद्वारा गरिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उप-दफा (७) मा रहेको खण्ड "(ख) बमोजिम मनोनीत" भन्ने शब्दहरूको सट्टा "खण्ड (ख) बमोजिमका" भन्ने शब्दहरू राखिएका छन् ।

(७) उप-दफा (८) मा रहेको "अन्य सदस्यको" भन्ने शब्दहरूको सट्टा "उप-दफा (४) को खण्ड (क) बमोजिमका सदस्यको" भन्ने शब्दहरू राखिएका छन् ।

(८) उप-दफा (९) झिकिएको छ ।

(९) उप-दफा (१२ मा रहेको "कुनै सदस्यको पद" भन्ने शब्दहरूको सट्टा "उप-दफा (४) को खण्ड (क) बमोजिमको सदस्यको पद" भन्ने शब्दहरू राखिएका छन् ।

(१०) उप-दफा (१३) झिकिएको छ ।

६. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को खण्ड (ख) र (ग) झिकिएका छन् ।

७. मूल ऐनमा दफाहरू थप : मूल ऐनको दफा १४ पछि देहायका दफा १४ क. र १४ ख. थपिएका छन् :–

"१४क. सदस्यताबाट हटाइने : गाउँ पञ्चायतको कुनै सदस्य मनासिब माफिकको कारण-सहितको सूचना नदिई गाउँ पञ्चायतको बैठकमा लगातार तीन पटकसम्म उपस्थित नभएमा गाउँ पञ्चायतले निजलाई तोकिएको कार्यविधि अपनाई गाउँ पञ्चायतको सदस्यताबाट हटाइनेछ ।

१४ख. प्रधानपञ्च र उप-प्रधानपञ्चको पद रिक्त हुने : प्रधानपञ्च र उप-प्रधानपञ्च जिल्ला पञ्चायतको सदस्यमा निर्वाचित वा सहबृत्त भएमा निजको प्रधानपञ्च वा उप-प्रधानपञ्चको पद रिक्त हुनेछ ।"

८. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :–

"१६. शपथ : गाउँ पञ्चायतका प्रधानपञ्च, उप-प्रधानपञ्च वा सदस्य भएपछि यथा सम्भव चाँडो प्रधानपञ्च र उप-प्रधानपञ्चले सम्बन्धित जिल्ला न्यायाधीश-समक्ष र अन्य सदस्यहरूले प्रधानपञ्च वा निजको अनुपस्थितिमा उप-प्रधानपञ्च वा दुवैको अनुपस्थितिमा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष अनुसूचीबमोजिमको शपथग्रहण गर्नु पर्नेछ ।

९. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छ:–

"१८. राजीनामा : प्रधानपञ्चले जिल्ला पञ्चायतको सभापतिछेउ, उप-प्रधानपञ्च र गाउँ पञ्चायत तथा गाउँसभाको अन्य सदस्यले प्रधानपञ्चछेउ राजीनामा दाखिल गरी पद त्याग गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–

"(क) महीनामा एक पटकमा नघटाई आवश्यकतानुसार गाउँ पञ्चायतको बैठक बोलाउने र गाउँ पञ्चायतको तत्काल कायम रहेको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठक गर्ने ।"

११. मूल ऐनमा दफा २७ घ. थप : मूल ऐनको दफा २७ ग. पछि देहायको दफा २७ घ. थपिएको छ :–

"२७घ. कोषको सञ्चालन : गाउँ पञ्चायतको कोषको सञ्चालन प्रधानपञ्च र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।"

१२. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को उप-दफा (३) पछि देहायको उप-दफा (४) थपिएको छ :–

"(४) गाउँ पञ्चायतक्षेत्रभित्र स्थापना भएका औषधालय, साझा तथा सहकारी संस्था, हुलाक, हेल्थपोष्ट, घरेलु, कृषि, प्राथमिक तथा निम्न माध्यमिक पाठशाला आदि जनसाधारणसित सम्बन्धित सार्वजनिक संस्था वा कार्यालयहरूमा भै रहेको काम कारवाहीको जानकारी लिई तत्सम्बन्धमा आफ्नो प्रतिक्रया समेत जनाई सम्बन्धित जिल्ला पञ्चायत र जिल्ला कार्यालयमा प्रत्येक सालको चैत्र मसान्त अगावै प्रतिवेदन पठाउनु पर्नेछ । यसरी प्रतिवेदन पठाउन चाहेको जानकारी गाउँ पञ्चायतले मागेमा सो प्राप्त गराउने गाउँ पञ्चायतक्षेत्रभित्र स्थापना भएका त्यस्ता संस्था वा कार्यालयहरूको कर्तव्य हुनेछ ।"

१३. मूल ऐनमा दफा २९ ख. थप : मूल ऐनको दफा २९क. पछि देहायको दफा २९ ख. थपिएको छ :–

"२९ख. बेपत्ता भएको व्यक्तिको सम्पत्तिको संरक्षण गर्ने : (१) कुनै व्यक्ति विदेश वा कतै गई बेपत्ता भएमा र निजको सम्पत्तिको रेखदेख वा संरक्षण गर्ने कुनै वारीसवाला नभएमा त्यस्तो व्यक्तिको सम्पत्ति गाउँ पञ्चायतले आफ्नो जिम्मामा लिनु पर्नेछ । गाउँ पञ्चायतले त्यसरी जिम्मामा लिएको सम्पत्तिको विवरण बनाई एक एक प्रति सम्बन्धित जिल्ला पञ्चायत र जिल्ला कार्यालयमा पठाउन पर्नेछ र एक प्रति गाउँ पञ्चायत कार्यालयमा राख्नु पर्नेछ। त्यस्तो जिम्मा लिएको सम्पत्तिमध्ये दोपाया, चौपाया वा नासिने चल भए लिलाम बिक्री गरी नगदमा परिणत गरिराख्नु हुन्छ ।

(२) गाउँ पञ्चायतले उप-दफा (१) बमोजिम आफ्नो जिम्मामा लिएको सम्पत्तिको आम्दानी र खर्चको विवरण प्रत्येक साल तयार गर्नु पर्नेछ र त्यसको एक एक प्रति जिल्ला पञ्चायत र जिल्ला कार्यालयमा पठाउनु पर्नेछ र गाउँ सभालाई समेत जानकारी दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) गाउँ पञ्चायतले आफ्नो जिम्मामा लिएको सम्पत्तिको आयस्ता रहेछ भने सो सम्पत्ति संरक्षण गरे बापत त्यस्तो आयस्ताको सयकडा दश कट्टा गरी प्रत्येक साल गाउँ पञ्चायत कोषमा आम्दानी बाँध्नु पर्नेछ ।

(४) उप-दफा (१) बमोजिम बेपत्ता भएको व्यक्ति फर्की आएमा वा प्रचलित कानूनबमोजिम अपुताली खान पाउने हकवाला खडा भएमा गाउँ पञ्चायतले आफ्नो जिम्मामा लिएको सम्पत्ति र उप-दफा (३) बमोजिम कट्टा गरी बाँकी भएको साल सालको आयस्ता र त्यसको हिसाबसमेत निज-लाई बुझाई दिनु पर्नेछ ।

(५) उप-दफा (१) बमोजिम बेपत्ता भएको व्यक्तिको मृत्यु भएमा वा बीस वर्षसम्म फर्की नआएमा र प्रचलित कानूनबमोजिम अपुताली खान पाउने हकवाला नभएमा गाउँ पञ्चायतको जिम्मामा रहेको त्यस्तो व्यक्तिको सम्पत्ति र आयस्ता गाउँ पञ्चायतको हुनेछ ।

१४. मूल ऐनमा दफा ३० क. थप: मूल ऐनको दफा ३० पछि देहायको दफा ३०क. थपिएको छ :–

"३०क. जग्गा प्राप्त गर्न सक्ने : (१) गाउँ पञ्चायतले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने कुनै विकास तथा निर्माणसम्बन्धी कामको लागि जग्गा प्राप्त गर्न आवश्यक भएमा तोकिएबमोजिमको रीत पुऱ्याई सूचना जारी गरी जग्गा प्राप्त गर्न सक्नेछ ।"

(२) उप-दफा (१) बमोजिम गाउँ पञ्चायतले प्राप्त गरेको जग्गाको निमित्त प्रचलित कानूनबमोजिम गाउँ सभाले तोकेबमोजिमको रकम मुआब्जा दिन पर्नेछ ।

१५. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ :–

"४१ मुद्दा हेर्ने अधिकार : (१) जतिसुकै बिगो, दण्ड वा कैद हुने भएपनि गाउँ पञ्चायत-क्षेत्रभित्रको देहायका सबै वा केही मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै वा सबै गाउँ पञ्चायतलाई दिन सक्नेछ :–

(क) बाटो वा निकास मिचेको,
(ख) आली धुरबारे,
(ग) ज्याला मजूरीबारे,
(घ) बेठबेगारबारे,
(ङ) अर्काको घरबारीभित्र जबरजस्ती बसेको वा पस्न खोजेको,
(च) पानी घाटबारे,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) चरी चराउ वा घाँस दाउरा काट्नेबारे,

(ज) आफ्नो क्षेत्रभित्र सीमित रहेको साँध, सिमाना, कूलो पानी वा सन्धिसर्पनबारे,

(झ) गोबध वाहेक अरू स्त्रीजाती चौपाया बध गरेको,

(ञ) नपुग नाप तौल प्रयोग गरी ठगेकोबारे ।

(२) उप्र-दफा (१) बमोजिम मुद्दा हेर्ने अधिकार प्राप्त गाउँ पञ्चायतलाई जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(३) यस ऐनअन्तर्गतका मुद्दा गाउँ पञ्चायतमा दायर गर्न पर्नेछ ।

(४) उप-दफा (३) बमोजिम मुद्दा दायर भएपछि मुद्दाको प्रकृति एवं अवस्था हेरी गाउँ पञ्चायतको बैठकले प्रधानपञ्च वा उप-प्रधानपञ्चको अध्यक्षतामा तीनजना भएको एक गाउँ न्यायिक समिति गठन गर्नु पर्नेछ ।

(५) उप-दफा (४) बमोजिम गठित गाउँ न्याय समितिमा गाउँ पञ्चायतले सदस्य मनोनीत गर्दा सकभर वादी र प्रतिवादी जुन जुन वडाका हुन सोही वडाका सदस्यहरू मनोनीत गर्नु पर्नेछ ।

तर, वादी र प्रतिवादी एकै वडाका रहेछन् भने वादी र प्रतिवादी रहेका वडाका सदस्य एक र अर्को सदस्य एक मनोनीत गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ न्याय समितिमा सदस्यहरू मनोनीत गर्दा वादी वा प्रतिवादीको नाता पर्ने सदस्य मनोनीत गर्न सकिनेछैन । प्रधानपञ्च वादी वा प्रतिवादीको नाता पर्ने भएमा उप-प्रधानपञ्चलाई र उप-प्रधानपञ्चको पनि नाता पर्ने भएमा अरू कुनै सदस्यलाई गाउँ पञ्चायतले गाउँ न्यायिक समितिको अध्यक्ष तोक्नेछ ।

(७) गाउँ न्याय समितिमा बहुमतको राय मान्य हुनेछ ।

(८) गाउँ न्याय समितिको निर्णयउपर पैंतीस दिनभित्र जिल्ला पञ्चायतमा पुनरावेदन लाग्नेछ ।"

१६. मूल ऐनको दफा ४२ मा संशोधनः– मूल ऐनको दफा ४२ मा रहेको "दफा ५२ मा उल्लेख गरिएका सदस्यहरूको रोहवरमा आफूले" भन्ने शब्दहरूको सट्टा "दफा ४१ को उप-दफा (४) बमोजिम गठित गाउँ न्याय समितिका सदस्यरूको रोहवरमा" भन्ने शब्दहरू राखिएका छन् ।

१७. मूल ऐनको दफा ५६ मा संशोधनः मूल ऐनको दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छ :–

"५६. राय बाझी भएमा : (१) यस ऐनबमोजिम गाउँ पञ्चायतले शुरू कारवाई र किनारा गर्न पाउने मुद्दामा दफा ४१ को उप-दफा (४) बमोजिम गठित गाउँ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

न्याय समितिमा बहुमत कायम हुन नसकी तीनैजना सदस्यहरूको भिन्दा भिन्दै राय भएमा त्यस्तो मुद्दामा गाउँ पञ्चायतको बैठकबाट कारवाई र किनारा हुनेछ र गाउँ पञ्चायतको बैठकबाट भएको निर्णय अन्तिम हुनेछ।

(२) उप-दफा (२) बमोजिम गाउँ पञ्चायतको बैठकबाट मुद्दाको कारवाई र किनारा गर्दा सो बैठकमा बहुमतको राय मान्य हुनेछ । गाउँ पञ्चायतको बैठकमा बहुमत कायम हुन नसकेमा सो मुद्दाको कारवाही र किनारा गर्न जिल्ला पञ्चायतमा पठाउन पर्नेछ।"

१८. मूल ऐनको दफा ५७ मा संशोधनः मूल ऐनको दफा ५७ को,–

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ :–

"(१) गाउँ पञ्चायत वा जिल्ला पञ्चायतले अन्तिम निर्णय गरेको मुद्दामा लागेको दण्ड सजायमा कैद गर्नु पर्ने अवस्थामा प्रचलित कानूनबमोजिम कैद गर्न गाउँ पञ्चायतले सो निर्णयको प्रति र अभियुक्तसहित जिल्ला अदालतमा पठाउनु पर्नेछ।"

(२) उप-दफा (३) मा रहेको "सम्बन्धित गाउँ सभालाई" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ पञ्चायतलाई" भन्ने शब्दहरू राखिएका छन्।

१९. मूल ऐनको दफा ५८ मा संशोधनः मूल ऐनको दफा ५८ को सट्टा देहायको दफा ५८ राखिएको छ :–

"५८. मिसिल कागजात गाउँ पञ्चायतको सचिवको जिम्मामा रहने : गाउँ पञ्चायतमा परेका मुद्दासम्बन्धी सबै मिसिल कागजातहरू गाउँ पञ्चायतको सचिवको जिम्मामा रहनेछ।"

२०. खारेजीः मूल ऐनको दफा ५२ र ७६ क. खारेज गरिएका छन्।

२१. बचाउः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत गाउँफर्क राष्ट्रिय अभियान समितिबाट गाउँ पञ्चायतमा मनोनीत भई कायम रहेका सदस्यहरू निजहरूको पदावधिभर कायमै रहने छन्। तर त्यस्तो सदस्यको पद निजको पदावधि बाँकी छँदै बीचमा रिक्त हुन आएमा सो पदको पूर्ति गरिने छैन।

२२. गाउँ पञ्चायत (सातौं संशोधन) अध्यादेश, २०३४ निष्क्रय भएपछि त्यसको परिणाम : गाउँ पञ्चायत (सातौं) संशोधन अध्यादेश, २०३४ निष्क्रय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रयताले,–

(क) सो अध्यादेश निष्क्रय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुबिधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुबिधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३५।४।२३।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।